प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, इलाम
कोशी प्रदेश

Email: akcillam@gmail.com

फोन नं- ०२७-५२३०४६/०४७

## व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम माग गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति:२०८०।०६।१५)**

कृषि ज्ञान केन्द्र, इलामको चालु आ.व. ०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत इलाम जिल्लामा तपशिलको बाली/वस्तुमा **"नयाँ व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम"** संचालन गर्ने सम्बन्धमा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ बमोजिम ब्लक क्षेत्र निर्धारण गर्नुपर्ने भएकोले इलाम जिल्ला भित्रका ईच्छुक कृषक समुह/कृषि सहकारीहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन अर्थात यहि मिति २०८०।०६।२९ गते सोमबारका** दिन कार्यालय समय भित्र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को अनुसूची (६) अनुसारको ब्लक विकास कार्यक्रम माग गर्ने आवेदन फाराम र सोही म्यानुअलको अनुसूची (७) बमोजिमको ढाँचामा माग भए बमोजिमको विवरण भरी तपशिल अनुसारका कागजातहरु अनिवार्य संलग्न राखी आवेदन पेश/दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै, म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ। थप जानकारीको लागि यस कार्यालयको फोन नम्बर ०२७-५२३०४६/०४७, मोबाईल नम्बर ९८५२६८१६६८ मा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन वा कार्यालयको आधिकारिक वेबसाईट http://illam.akc.gov.np बाट परियोजना कार्यान्वयन म्यानुअल, २०७७ र अन्य अनुसूचीहरु डाउनलोड गरि थप जानकारी लिन सक्नुहुनेछ।

**तपशिलः**

संचालन हुने ब्लक विकास कार्यक्रम

| क्र.स. | छनौट भएको बाली | एकाई | परिमाण | अनुदान रकम | आवश्यक न्युनतम क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | आलु | संख्या | १ | लागत साझेदारी ५०% वा बढीमा १५ लाख | ३० हेक्टर (६०० रोपनी) |

निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागताहरु:

१. रू. १० को टिकट टाँस गरि तोकिएको अनुसूचीहरु बमोजिमको आवेदन/प्रस्तावना।

२. संस्थागत (कृषक समुह/कृषि सहकारी) ले प्रति आवेदन रू. २००।– नेपाल बैंक लिमिटेड, इलाम शाखाको खाता नं २७००२०००००१००१००००००१ (अन्य प्रशासनिक दस्तुर), राजस्व शिर्षक नं

२०८०।०६।१५
टोनी बर्देवा
निमित्त प्रमुख

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, इलाम
कोशी प्रदेश

Email: akcillam@gmail.com

फोन नं- ०२७-५२३०४६/०४७

१४२२९ कार्यालय कोड नं ३१२०१०३०११ मा आवेदन दस्तुर जम्मा गरि सोको सक्कल भौचर अनिवार्य पेश गर्नुपर्नेछ।

३. संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि।

४. संस्थाको स्थायि लेखा नम्बर (PAN) वा VAT प्रमाणपत्रको प्रतिलिपि।

५. संस्थाको गत आ.व. ०७९।०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

६. संस्थाको गत आ.व. ०७९।०८० को लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि।

७.सम्बन्धित स्थानिय तहको कृषि विकास शाखाको सिफारिस र वडा कार्यालयको सिफारिस।

८. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने जग्गा धनिपुर्जा र जाग्गा धनिको नागरिकताको प्रतिलिपि वा यदि करारमा जग्गा लिने भए कम्तिमा ५ वर्ष र स्थायि संरचना निर्मान गर्ने भए कम्तिमा १० वर्षको सम्झौता पत्र।

९. निवेदकको नागरिकताको प्रतिलिपि वा परिचय खुल्नेप्रमाण पत्रको प्रतिलिपि।

१०. संस्थाको कार्यक्रम माग गर्ने सम्बन्धिको बैठकको निर्णयको प्रतिलिपि साथै निवेदन दिन आउने व्यक्तिलाई समितिको निर्णय मार्फत प्रदान गरिएको अख्तियारी पत्र।

११. आवेदकले विगत तिन वर्ष भित्र दोहोरो नपर्ने गरि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा।

१२. प्राविधिक ज्ञान/सिप/तालिम भए सो खुल्ने प्रमाण।

१३. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ बमोजिम माग गरिएका आवश्यक कागजातहरु पेश नभए/पूर्णता नभएमा प्रस्ताव स्वतः रद्द हुनेछ।

२०८०/०६/१५

टोनी बर्देवा
निमित्त प्रमुख